# बलेफी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः २ मितिः २०७९/०८/२९

## भाग - २

## बलेफी गाउँपालिका

# बलेफी गाउँपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७९

# बलेफी गाउँपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७९

बलेफी गाउँपालिकामा सञ्चालन हुने अटो तथा ई-रिक्साहरुलाई व्यवस्थापन गरी गाउँको आवश्यकता, ट्राफिक व्यवस्थापनमा सहजता, बजार व्यवस्थापन गर्न तथा सवारी यात्रु, सवारी चालक, सवारी धनीहरुको हित प्रवर्द्धन गर्दै स्थानीय यातायात सुरक्षा र नियमन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ट) ले प्रदान गरेको अधिकार कार्यान्वयन गर्न र सोही ऐनको दफा ११ को उपदफा ४ (ट) बमोजिम संघ तथा प्रदेश कानून बनी अन्यथा व्यवस्था भएमा सोही बमोजिम हुने गरी हाल उल्लेखित व्यवस्था कार्यान्वयन गरी गाउँ क्षेत्रमा चल्ने अटो तथा ई-रिक्साको दर्ता, अनुमति, नवीकरण र नियमनको व्यवस्था गरी गाउँ क्षेत्रलाई आवश्यक अटो तथा ई-रिक्साहरुको संख्या निर्धारण, रुट निर्धारण, भाडा दर निर्धारण तथा नियमन जस्ता कार्यलाई व्यवस्थित गर्दै वैकल्पिक तथा नवीकरणीय ऊर्जाबाट चल्ने सवारी साधनलाई प्रवर्द्धन गर्दै यातायात सुरक्षालाई भरपर्दो र विश्वसनीय बनाउन आवश्यक देखिएको हुँदा बलेफी गाउँकार्यपालिकाको मिति २०७९।०८।२९ को बैठकको निर्णयबाट यो कार्यविधि बनाई लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधिको नाम "बलेफी गाउँपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

**२. प्रारम्भः** यो कार्यविधि बलेफी गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

**३. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

**क) "अध्यक्ष"** भन्नाले बलेफी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

**ख) "उपाध्यक्ष"** भन्नाले बलेफी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

**ग) "ईलेक्ट्रिक रिक्सा"** भन्नाले पेट्रोलियम पदार्थ बिना बिद्युत, सौर्य उर्जा वा नवीकरणीय ऊर्जाबाट चार्ज हुने रिक्सालाई सम्झनु पर्छ ।

**घ) "कार्यपालिका"** भन्नाले बलेफी गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

**ङ) "कार्यविधि"** भन्नाले बलेफी गाउँपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि,२०७९ भन्ने सम्झनु पर्छ ।

**च) "गाउँपालिका"** भन्नाले बलेफी गाउँपालिकालाई सम्झनु पर्छ ।

**छ) "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बलेफी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

**ज) "रुट"** भन्नाले बलेफी गाउँपालिका क्षेत्र भित्र अटो तथा ई-रिक्सा सञ्चालनको लागि तोकिदिएको निश्चित क्षेत्र भन्ने सम्झनु पर्छ ।

**झ) "सवारी साधन"** भन्नाले अटो तथा ई-रिक्सालाई सम्झनु पर्छ।

**ञ) "सञ्चालन अनुमति"** भन्नाले बलेफी गाउँपालिकाले रुट निर्धारण गरी गाउँक्षेत्र भित्र सञ्चालन गर्न अनुमति दिई सम्बन्धित यातायात कार्यालयमा दर्ता भएका र दर्ताका लागि सिफारिस भएका विद्युतीय रिक्साको सञ्चालन अनुमतिलाई सम्झनु पर्छ ।

**ट) "स्थानीय तह "** भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिम गठित गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ ।

## परिच्छेद-२
## व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था

**४. अटो तथा ई-रिक्सा व्यवस्थापन समितिको गठनः** (१) गाउँपालिका क्षेत्र भित्र अटो तथा ई-रिक्सा सञ्चालनलाई व्यवस्थित तथा सुरक्षित गर्न र आवश्यक मार्गदर्शन गर्न गाउँपालिकामा देहाय अनुसारको अटो तथा ई-रिक्सा व्यवस्थापन समिति रहनेछः

क) अध्यक्ष -अध्यक्ष

ख) उपाध्यक्ष -सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) गाउँपालिकास्तरीय आर्थिक विकास समिति संयोजक -सदस्य

ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय चौतारा -सदस्य

च) गाउँपालिका क्षेत्र भित्रको प्रहरी कार्यालयको प्रतिनिधि -सदस्य

छ) गाउँपालिका क्षेत्र भित्रको ट्राफिक प्रहरी कार्यालयको प्रतिनिधि -सदस्य

ज) अटो व्यवसायीहरुमध्येबाट गाउँपालिका अध्यक्षबाट मनोनीत १ जना -सदस्य

झ) यातायात कार्यालयको, प्रतिनिधि -सदस्य

ञ) अध्यक्षले तोकेको प्राविधिक १ जना -सदस्य

ट) गाउँपालिका अन्तरगतको यातायात व्यवस्था तथा नियमन सम्बन्धी विषय हेर्ने शाखा प्रमुख -सदस्य सचिव

२) उपदफा (१) बमोजिम गठित समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । अध्यक्षको आदेशानुसार सदस्य सचिवले समितिको बैठक बोलाउनेछ ।

**५. अटो तथा ई-रिक्सा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

क) गाउँपालिका क्षेत्रभित्र अटो तथा ई-रिक्सा सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्ने।

ख) अटो तथा ई-रिक्सा पार्किङ स्थल तोक्ने ।

ग) अटो तथा ई-रिक्साको स्थान र दुरी अनुसारको वैज्ञानिक भाडादर निर्धारण गर्न सहजीकरण गर्ने।

घ) गाउँपालिका भित्र दर्ता भई सञ्चालन हुने अटो तथा ई-रिक्साको संख्या निर्धारण गर्न सहजीकरण गर्ने ।

ङ) सेवा क्षेत्र निर्धारण तथा क्लस्टर अनुसारको अटो तथा ई-रिक्साको संख्या तोक्न सहजीकरण गर्ने।

च) अटो तथा ई-रिक्साको व्यवस्थापन एवं समन्वयमा सरोकारवालाहरुबीच विवाद समाधान गर्न आवश्यक सहजीकरण गर्ने ।

छ) आवश्यकता अनुसार अन्य नीतिगत कार्य गर्ने ।

## परिच्छेद-३
## अटो तथा ई-रिक्सा दर्ता सम्बन्धी व्यवस्था

**६. सवारी साधन दर्ता** : १) प्रत्येक अटो तथा ई-रिक्साहरु सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र सवारी कर ऐन, २०३१ लगायत प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित यातायात कार्यालयमा दर्ता एवं नवीकरण गरी गाउँ कार्यपालिकामा समेत दर्ता र नवीकरण हुनु पर्नेछ । दर्ता र नवीकरण प्रमाणपत्र अनुसूची –१ बमोजिमको ढाँचामा कार्यालयले उपलब्ध गराउनेछ ।

२) सवारी साधन दर्ता गर्न गाउँपालिकाबाट तोकिएको ढाँचामा सम्बन्धित संस्थाले आफै उपस्थित भई वा प्रतिनिधि मार्फत निम्न बमोजिम कागजात सहित गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

क) यातायात कार्यालयमा दर्ता भएको प्रमाण पत्र ।

ख) सवारी कर चुक्ता र सवारी धनी प्रमाणपत्रको प्रतिलिपि ।

ग) नियमित सवारी जाँच गराएको प्रमाणपत्रको प्रतिलिपि ।

घ) सवारी प्रदूषण पासको प्रमाण ।

ङ) सवारीको भन्सार महशुल तिरेको प्रमाण ।

च) कम्पनीको हकमा व्यवसाय गर्न फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्र ।

छ) कम्पनीको हकमा आयकर दर्ताको कागजात र मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।

ज) सवारी साधनको इञ्जिन र च्यासिस नम्बर समेत स्पष्ट देखिने फोटो ।

झ) सवारी निरीक्षण प्रमाण पत्र ।

ञ) सवारी चालक, यात्रु र तेस्रो पक्षको विमा गरेको कागजातको प्रतिलिपि।

ट) वित्तीय संस्थाबाट ऋण लगानी भई दर्ता हुने सवारी साधनहरुको हकमा वित्तीय संस्था दर्ता प्रमाणपत्र, कम्पनीको भए आयकर र मूल्य अभिबृद्धि कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

ठ) तोकिए बमोजिमको दस्तुर बुझाएको नगदी रसिद ।

## परिच्छेद-४

## अटो तथा ई-रिक्सा सञ्चालन सम्बन्धी व्यवस्था

**७. सञ्चालन अनुमति र रुट निर्धारण र भाडादर :** (१) गाउँपालिका क्षेत्र भित्र यस कार्यविधि तथा यस कार्यविधिको दफा ४ (१) बमोजिमको समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयले तोकिदिए बमोजिमको क्षेत्रमा सञ्चालन हुने गरी एउटा कम्पनीले प्रथम पटक बढीमा २५ (पच्चीस) वटा सम्मको संख्यामा अटो तथा इ-रिक्सा सञ्चालन गर्न पाउने गरी प्रति अटो तथा इ-रिक्साको रु. १०,०००/- शुल्क लिई गाउँ कार्यपालिकाको कार्यालयले अनुसूची-१ को ढाँचामा सञ्चालन अनुमति तथा रुट निर्धारण अनुमतिपत्र जारी गर्नेछ । यसरी अनुमति लिँदा गाउँकार्यपालिकाको कार्यालयले तोकिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा सम्बन्धित निकायको अनुमति नलिई अटो तथा ई-रिक्सा सञ्चालन गर्न पाइने छैन । यसरी अनुमतिपत्र लिई अटो तथा ई-रिक्सा सञ्चालन गर्ने कम्पनीको एक वर्ष अवधिमा सम्पादित कामको गुणस्तर हेरेर गाउँ कार्यपालिकाको बैठकको निर्णय बमोजिम गाउँ कार्यपालिकाको कार्यालयले साविकको संख्यामा थप गरी सञ्चालन गर्ने अनुमति दिन सक्नेछ ।

२. कम्पनीले अटो तथा ई-रिक्सा सञ्चालन अनुमति लिँदा निम्नानुसार कागजात पेश गर्नु पर्नेछ।

क) निवेदनपत्र ।

ख) नवीकरण भएको सवारी प्रमाण पत्रको प्रतिलिपि ।

ग) सवारी जाँचपास प्रमाणपत्र ।

घ) सवारी चालक, यात्रु र तेस्रो पक्षको विमा गरेको कागजातको प्रतिलिपि ।

ङ) माग भएको रुट खुलाउनु पर्ने ।

च) चालकको सवारी चालक अनुमतिपत्रको प्रतिलिपि ।

छ) तोकिए बमोजिमको दस्तुर बुझाएको नगदी रसिद ।

ज) सवारी धनी स्वयम् उपस्थित हुन नसकेमा अर्को व्यक्तिलाई मञ्जुरीनामा दिई पठाउन सकिनेछ

३. गाउँपालिकाको क्षेत्रभित्र सञ्चालन हुने अटो तथा ई-रिक्साको अधिकतम यात्रु सवार भाडा दर अनुसुची -२ मा उल्लेख भए बमोजिम हुनेछ । भाडा दर परिवर्तन गर्नुपर्ने अवस्था आएमा गाउँ कार्यपालिकाको निर्णयले समय सापेक्ष परिवर्तन गर्न सक्नेछ ।

## परिच्छेद-५
## अटो तथा ई-रिक्सा नवीकरण सम्बन्धी व्यवस्था

**८. नवीकरण सम्बन्धी व्यवस्था :** (क) अटो तथा ई-रिक्साको सञ्चालन अनुमति तथा रुट निर्धारण अनुमतिको अवधि १ वर्षको हुनेछ। म्याद समाप्त भएको मितिले १५ दिनभित्र प्रति अटो तथा इ-रिक्साको रु. ५,०००।- शुल्क बुझाई सञ्चालन अनुमति तथा रुट निर्धारण अनुमतिपत्र नवीकरण गराई सक्नु पर्नेछ । सञ्चालन अनुमति तथा रुट निर्धारण अनुमतिको सुरु म्याद समाप्त भएको मितिले ४५ दिन सम्म नवीकरण शुल्कको २५ प्रतिशत थप दस्तुर तिरी नवीकरण गर्न सकिनेछ र सो म्याद पनि समाप्त भई आएपछि प्रति अटो तथा ई-रिक्साको नवीकरण शुल्कको थप ५० प्रतिशत जरिवाना लाग्नेछ ।सञ्चालन अनुमति तथा रुट निर्धारण अनुमतिको म्याद समाप्त भएको ३ महिना भित्र सम्म पनि नवीकरण नगरेको खन्डमा गाउँ कार्यपालिकाको कार्यालयले यसरी नवीकरण नगर्ने अटो तथा ई-रिक्साको सञ्चालन अनुमति तथा रुट निर्धारण अनुमति रद्द गरी सञ्चालनमा रोक लगाउन सक्नेछ ।

(ख) अटो तथा ई-रिक्साको नवीकरण गर्न कुनै निकायबाट रोक्का नभएको हुनुपर्नेछ ।

(ग) अनुमतिपत्र नवीकरण गर्दा विमा वा जाँचपास अवधिले नभ्याउने भएमा जुन अवधि पहिला सकिन्छ सो उल्लेख गरी नवीकरण गरिदिने र पछि उक्त कागजात लिई आएमा बाँकी रहेको अवधिको सोही दस्तुरको आधारमा नवीकरण गरिदिन सकिनेछ ।

२) नवीकरण गर्दा निम्न कागजातहरु पेश गर्नुपर्नेछ ।

(क) नवीकरण गरी पाऊँ भन्ने व्यहोराको निवेदन।

(ख) प्रचलित नियमबमोजिम प्रदूषण मापन भई प्रदूषण मापदण्ड भित्र परेको प्रमाण कागजात ।

(ग) दर्ता गर्दा वा अघिल्लो आ.व.मा नवीकरण गर्दा बुझाएको सवारी करको रसिदको प्रतिलिपि ।

(घ) सवारी जाँच प्रमाण पत्र ।

(ङ) तेस्रो पक्ष बीमा गरेको कागजात ।

३) देहायको अवस्थामा सवारी साधनकोदर्ता वा नवीकरण खारेज गर्न सकिनेछ ।

(क) नियम अनुसार प्रदूषण मापदण्ड पूरा नगरेको ।

(ख) कार्यालयबाट सवारी साधन जाँच गर्दा मेशिनरी वा पार्टपुर्जा लगायत बिग्रिएर प्राविधिक रुपमा सवारी सञ्चालन गर्न उपयुक्त नदेखिएको अवस्था भएमा ।

(ग) तीन महिना भन्दा बढी समय सम्म नवीकरण नगरेको अवस्था भएमा ।

## परिच्छेद-६
## अटो तथा ई-रिक्सा सवारी चालकको आचरण सम्बन्धी व्यवस्था

**९. सवारी चालकको आचरण सम्बन्धी व्यवस्था :**

१) सवारी चालकले अनिवार्य रुपमा पालना गर्नु पर्ने आचरणहरु निम्नानुसार हुनेछन्ः

(क) प्रचलित ट्राफिक नियमको पूर्ण पालना गर्दै सवारी चालक अनुमतिपत्र,सवारी दर्ता किताब र बाटो इजाजत पत्र साथमा लिएर मात्र सवारी चलाउनुपर्नेछ ।

(ख) बिमा नवीकरण गरेको प्रमाणपत्र साथमा राखी सवारी चलाउनु पर्ने छ ।

(ग) अटो तथा ई-रिक्साको यान्त्रिक अवस्था ठीक भए नभएको जाँच गरेर मात्र सवारी साधन चलाउनुपर्ने छ । तोकिएको भार क्षमता र गतिमा मात्र सवारी चलाउनु पर्नेछ।

(घ) मादक पदार्थ तथा लागू औषध सेवन गरी सवारी चलाउन पाईने छैन।साथै प्रतिबन्धित मालसमान तथा चिज वस्तु समेत ओसार पसार गर्न पाईने छैन ।

(ङ) चालकले सवारी चलाउँदा मोबाईल फोन प्रयोग र ठूलो आवाजमा गीत संगीत बजाएर सवारी चलाउन पाईने छैन र सडकमा ध्यान केन्द्रित गरेर सुरक्षित साथ सवारी चलाउनु पर्नेछ ।

(च) लेन अनुशासनको पालना गर्नुपर्ने छ ।

(छ) अटो तथा ई-रिक्साको अगाडीको भाग चालकको दायाँ बायाँ यात्रु तथा मालसमान राख्न पाईने छैन । साथै सवारीको बाहिरी भागमा मालसमान तथा यात्रु राख्न र झुन्डयाउन पाईने छैन ।

(ज) सामाजिक सद्भाव र सडक सुरक्षामा ध्यान दिंदै यात्रुमैत्री व्यवहार गर्नु पर्नेछ, साथै अशक्त ,बृद्ध तथा बालबालिकालाई विशेष ध्यान पुर्याउनु पर्नेछ ।

(झ) सडकमा जथाभावी सवारी साधन रोक्ने , पार्किङ गर्ने जस्ता कार्य गर्न पाईने छैन साथै सवारी साधन पूर्ण रुपमा रोकिएको अवस्थामा मात्र यात्रु चढाउने र ओराल्ने गर्नुपर्ने छ ।

(ञ) रात्रीकालीन यात्रा गर्दा बत्तीको सही सदुपयोग गर्नुपर्ने छ । अटो तथा ई-रिक्सा तीब्र गतीमा चलाउन र आफू खुशी सवारी साधनको स्वरुप परिवर्तन गर्ने जस्ता कार्य गर्न पाईने छैन ।

(ट) ट्राफिक नियम पालना गर्दै अनुशासित भई होशियारी पूर्वक अटो तथा इ-रिक्सा चलाउनु पर्नेछ।

## परिच्छेद-७
## अटो तथा ई-रिक्सा यात्रु सुरक्षा सम्बन्धी व्यवस्था

**१०. यात्रु सुरक्षाः** यात्रु सुरक्षाका लागि प्रत्येक सवारी साधनमा निम्नानुसारका नियमहरु पालना गर्नु गराउनु पर्नेछः

(१) अटो तथा ई-रिक्साको देब्रे तर्फबाट यात्रु चढ्ने र झर्ने गर्न मिल्ने गरी अटो तथा ई-रिक्साको डिजाइन तयार गर्नु पर्नेछ ।

(२) स्थान अनुसारको भाडादर उल्लेख गरी सवारी साधनमा सबैले देखिने गरी टाँस्नु पर्नेछ ।

(३) फोहोर राख्ने भाँडोको व्यवस्था गर्नुपर्ने छ ।

## परिच्छेद-८
## अटो तथा ई-रिक्सा विमा सम्बन्धी व्यवस्था

**११. विमा सम्बन्धी व्यवस्थाः** (१) सवारी धनी वा व्यवस्थापकले विमा वापतको रसिद मात्र काटेको आधारमा दुर्घटना भएपछि विमित रकम नपाईने हुनाले अनिवार्य रुपमा सम्बन्धित विमा कम्पनीसँग सो रकम बराबरको विमा नीति वा प्रमाणपत्र लिनुपर्ने छ । कार्यालयमा विमा नीति सम्बन्धी कागजात पेश नगरेमा कार्यालयबाट सम्पादन हुने सवारी सम्बन्धी कुनै पनि सेवाहरु प्रदान गरिने छैन ।

(२) प्रत्येक सवारी साधनको प्रचलित कानुनले तोके बमोजिमको दुर्घटना विमा, मजदुर विमा र तेस्रो पक्ष विमा आदिको विमा गरेको हुनुपर्दछ ।

(३) बाटो इजाजत पत्र जारी गर्दा वा नवीकरण गर्दा उक्त सवारीको सम्बन्धित अभिलेखमा विमाको नाम र बहाल अवधि खुलाउनुपर्नेछ ।

## परिच्छेद-९
## अटो तथा ई-रिक्सा जरिवाना सम्बन्धी व्यवस्था

**१२. जरिवाना सम्बन्धी व्यवस्थाः** (१) यातायात कार्यालय र यस गाउँ कार्यपालिकाको कार्यालयको अनुमति वा स्वीकृति नलिई अटो तथा ई-रिक्साको दर्ता तथा नवीकरण गर्दाको अवस्थाको मोडेलमा कुनै किसिमको हेरफेर (रङ्ग, सिट, स्वरुप, इञ्जिन ,च्यासिस) गर्न पाइने छैन र यसो गरेमा एक हजार देखि पाँच हजार रुपैंया सम्म जरिवाना हुनेछ ।

(२) तपशिल बमोजिम कसुर गर्नेलाई ट्राफिक प्रहरीसँगको समन्वयमा कसुरको प्रकृति हेरेर प्रचलित नियमानुसारको कारबाही र नगद जरिवाना गरिनेछ ।

**तपशिल**

(क) ट्राफिक सङकेत वा इसारा उल्लङ्घन गरी सवारी चलाएमा ।

(ख) पार्किङ निषेध गरिएको ठाउँ वा समयमा पार्किङ गरेमा,

(ग) सवारी मोड्न वा ध्वनि सङकेत निषेध गरिएको ठाउँमा मोडेमा वा ध्वनि सङ्केत दिएमा,

(घ) गलत दिशातर्फ सवारी चलाएमा,

(ङ) एकतर्फी सडकको विपरित सवारी चलाएमा,

(च) प्राविधिक अवस्था ठीक नभएको सवारी चलाएमा,

(छ) निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएमा,

(ज) रातको समयमा बत्ती नबाली सवारी चलाएमा,

(झ) मादक पर्दाथ सेवन गरी सवारी चलाएमा,

(ञ) नम्बर प्लेट नराखी सवारी चलाएमा,

(ट) निर्धारित सिटभन्दा बढी यात्रु राखी चलाएमा,

(ठ) खाली सिट हुँदा हुँदै यात्री लिन इन्कार गरेमा,

(ड) निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएमा,

(ढ) लापरवाही ढंगले सवारी चलाएमा,

(ण) बाटो इजाजत पत्र नलिई सवारी चलाएमा,

(त) सवारी चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाएमा ।

## परिच्छेद-१०
## अटो तथा ई-रिक्सा जाँचपास सम्बन्धी व्यवस्था

**१३. जाँचपास सम्बन्धी व्यवस्थाः**

(१) प्रत्येक अटो तथा ई-रिक्साले १-१ वर्षमा अनिवार्य रुपमा प्राविधिकबाट सवारी साधन जाँचपास गराएको प्रमाण पेश गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम वार्षिक रुपमा सवारी साधनको जाँचपास गराउँदा जाँचपास अवधि सकिएको बढीमा १५ दिन भित्र जाँचपास गराउनु पर्नेछ ।सो अवधि भित्र जाँचपास नगरेको पाइएमा गाउँ कार्यपालिकाको कार्यालयले यसरी जाँचपास नगराउने अटो तथा ई-रिक्साको सञ्चालनमा रोक लगाई नगद रु. २,०००।- सम्म जरिवाना लिन सक्नेछ ।

(३) जाँचपास गर्न प्रचलित कानुन तथा गाउँपालिकाले तोकेको मापदण्ड पूरा भएको
हुनुपर्नेछ ।

## परिच्छेद-११
## अटो तथा ई-रिक्सा अनुगमन सम्बन्धी व्यवस्था

**१४. अनुगमनः** गाउँपालिका र ट्राफिक प्रहरीले समय समयमा यस कार्यविधिमा उल्लेखित नियम बमोजिम अटो तथा ई- रिक्सा सञ्चालन भएनभएको अनुगमन गर्न सक्नेछ ।

# परिच्छेद-१२
# विविध

## १५. विविध

१. यस कार्यविधिमा उल्लेख नभएका बिषयहरुको हकमा संघीय तथा प्रदेश सवारी तथा यातायात व्यवस्था सम्बन्धी ऐन, नियम तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

२. यस कार्यविधिमा उल्लेखित व्यवस्था संघ र वागमती प्रदेशको प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

सवारीधनीको
फोटो

**अनुसूची - १**

**(दफा – ६ (१) र ७ (१) सँग सम्बन्धित)**

**अटो तथा ई-रिक्सा सवारी दर्ता तथा सञ्चालन अनुमति पत्रको ढाँचा**

**बलेफी गाउँपालिका,**

**गाउँ कार्यपालिकाको कार्यालय, बलेफी, सिन्धुपाल्चोक ।**

"बलेफी गाउँपालिकाको अटो तथा ईलेक्ट्रिक रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७९" को दफा ६ (१) र दफा ७ (१) अनुसार देहाय बमोजिमको विवरण भएको अटोतथा ई-रिक्सा दर्ता गरी यसबलेफी गाउँपालिकाको तोकिएको क्षेत्रमा सञ्चालन गर्न यो अनुमति पत्र दिइएको छ ।

तपसिल

सवारी दर्ता नं:

सवारीको किसिमः

दर्ता मितिः

सवारी धनीको नाम थरः

फर्म र कम्पनीको नामः

ठेगानाः

सवारी सञ्चालन गर्ने रुटः यस कार्यविधिको अनुसूची २ मा उल्लेखित क्षेत्र ।

सवारी धनीको हस्ताक्षरः

मितिः

अधिकृतको हस्ताक्षर

नामथर

पदः

मितिः

**नामसारी भएको विवरण**

| सवारी धनीको फोटो |
|---|

मितिः

सवारी धनीको नाम,थर,ठेगानाः

अधिकृतको हस्ताक्षर

नामथर

पदः

मितिः

क्रमशः

प्रमाणपत्रको नवीकरण

| नवीकरण गरेको मिति | नवीकरण गर्ने म्याद पुग्ने अवधि | नवीकरण गर्ने अधिकारीको सही र मिति |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

**सवारीको विस्तृत विवरण**

१. कम्पनीको नाम :

२. सवारी मोडलरसाल :

३. हर्ष पावर र सि.सि :

४. चेसिस नम्बर :

५. ईन्जिन नम्बर :

६. सवारीको रङ्ग :

७. सिट क्षमता -चालक सहित

८. वजन :

९. पेट्रोलर डिजेल

१० चलाउनेक्षेत्र

११. कुन कम्पनी वा ब्यक्तिगत खरिद गरेको हो सो को नामः

## अनुसूची - २

### (दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

| क्र.सं. | ठाउँको नामको विवरण | भाडादर | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०७९।८।२९

प्रमाणीकरण मितिः २०७९।०८।२९

आज्ञाले,

देवीलाल सापकोटा

प्रमुख प्रशासकीय अधिकृत